# कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८०

कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम १२३ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यो निर्देशिकाको नाम "कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

२. **कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७७ को दफा २ मा संशोधनः** कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका,२०७७ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा २ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) को सट्टा देहायका खण्डहरू राखिएको छ।

(क) "आयोग" भन्नाले कर्णाली प्रदेश योजना आयोगलाई सम्झनु पर्छ,

(ख) "आयोजना" भन्नाले कर्णाली प्रदेश सरकार अन्तर्गतका निकाय वा कार्यालयबाट सञ्चालित आयोजना वा त्यसभित्र समावेश खण्ड वा उपखण्डलाई समेत सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने सहलगानीका आयोजना समेतलाई बुझाउँदछ।

(ग) "कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (कर्णाली प्रोभिन्सियल प्रोजेक्ट बैङ्क म्यानेजमेन्ट इन्फर्मेशन सिस्टम केपिपिविएमआइएस)" भन्नाले कर्णाली प्रदेश योजना आयोगबाट स्वीकृत कार्यविधि अनुसारको व्यवस्थापन सूचना प्रणीलाई सम्झनु पर्छ।

(घ) "ठेक्का सहमति" भन्नाले बहुवर्षीय ठेक्काका लागि आयोजना कार्यान्वयन प्रक्रिया अगाडि बढाउन आयोगबाट उपलब्ध गराइएको सहमति वा स्वीकृति सम्झनु पर्छ।

(ङ) "निकाय" भन्नाले बहुवर्षीय आयोजना कार्यान्वयन गर्ने निकायलाई सम्झनु पर्छ।

सचिव

का.मु. प्रमुख सचिव

CamScanner

(च) "प्रदेश गौरवको आयोजना" भन्नाले कर्णाली प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाको रूपमा तोकेको आयोजना सम्झनु पर्छ।

(छ) "बहुवर्षीय ठेक्का" भन्नाले बढीमा तीन वर्ष अवधिको ठेक्का सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले बहुवर्षीय ठेक्का व्यवस्थापन गर्ने कर्णाली प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(झ) "स्रोत सहमति" भन्नाले बहुवर्षीय ठेक्काको लागि यस निर्देशिकाको दफा ३ को उपदफा (३) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले उपलब्ध गराएको सहमतिलाई सम्झनु पर्छ।"

३. <u>मूल निर्देशिकाको दफा ३ मा संशोधन:</u> मूल निर्देशिकाको दफा ३ को,-

(१) "आयोजना प्रस्ताव गर्ने विधि" भन्ने शब्दहरूको सट्टा "आयोजना प्रस्ताव गर्ने विधि/स्रोत सहमति सम्बन्धी व्यवस्था" भन्ने शब्दहरू राखिएका छन।

(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ।

"(५) बहुवर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजनाको स्रोत सहमति प्रदान गरेको मितिले छ महिना भित्र बोलपत्र आव्हान/ठेक्का सम्झौता नभएमा सहमति स्वत: रद्द हुनेछ।"

४. <u>मूल निर्देशिकाको दफा ५ मा संशोधन</u> मूल निर्देशिकाको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ।

"५. <u>बहुवर्षीय ठेक्का सम्बन्धी क्षेत्र:</u> (१) देहायका क्षेत्रमा कार्यान्वयन हुने कर्णाली प्रदेश आयोजना बैंकमा समावेश भएका कुल लागत अनुमान रू. बीस करोड भन्दा बढीका सडक तथा अन्य यातायात पूर्वाधार, रू. पाँच करोड भन्दा बढीका भवन, सडकपुल एवम अन्य पूर्वाधार र रू. तीन करोड भन्दा बढीका खानेपानी, सिंचाइ, कृषि एवम औद्योगिक पूर्वाधार आयोजनालाई बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न सहमति दिन सकिनेछ:-

(क) सडक, सडकपुल तथा अन्य यातायात पूर्वाधार

सचिव

का.मु. प्रमुख सचिव

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(ख) ऊर्जा, खानेपानी र सिंचाइ

(ग) स्वास्थ्य तथा शिक्षा पूर्वाधार

(घ) आवास तथा शहरी विकास

(ङ) कृषि तथा औद्योगिक पूर्वाधार

(च) साँस्कृतिक र पर्यटन पूर्वाधार विकास

(छ) खेलकुद पूर्वाधार

(ज) विज्ञान तथा प्रविधि पूर्वाधार

(झ) पहिरो नियन्त्रण, नदी नियन्त्रण तथा अन्य पूर्वाधार

(२) उपदफा १ मा उल्लेखित सीमा भन्दा कम लागत अनुमान भएका आयोजना मन्त्रालय वा निकायले सालबसाली रूपमा कार्यान्वयन गर्नुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालय वा निकायले उपदफा (१) मा उल्लिखित सीमा भन्दा कम लागत भएका आयोजनालाई बहुवर्षीय ठेक्काको रूपमा अगाडि बढाउन आवश्यक ठानेमा सोको पुष्ट्याई सहित अनुसूची १ र २ बमोजिमको फाराम भरी सोको सहमतिको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखि पठाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सहमति माग भएका प्रस्तावित आयोजनाहरू मन्त्रालयले आगामी स्वीकृत बजेटको सीमा भित्र सुनिश्चित गरेको हुनु पर्नेछ।

(५) यस दफा बमोजिम स्रोत सहमतिको लागि लेखि आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले सम्बन्धित मन्त्रालय वा निकायबाट पुष्ट्याई भएको आवश्यकता, औचित्यता र सम्भावित स्रोत उपलब्धताको आधारमा स्रोत सहमति उपलब्ध गराउन सक्नेछ।"

५. <u>मूल निर्देशिकाको दफा ६ मा संशोधनः</u> मूल निर्देशिकाको दफा ६ को,-

(१) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ।

"(ख) बहुवर्षीय ठेक्काका लागि प्रस्तावित आयोजनाको कुल लागत अनुमानको कम्तिमा पच्चिस प्रतिशत बजेट चालु आर्थिक वर्षमा विनियोजन भएको,

सचिव

प्र.मु. प्रमुख सचिव

कर्णाली प्रदेश सरकार, भौतिक पूर्वाधार... वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

तर आयोगले निर्धारण गरेको मापदण्ड र कार्यविधि अनुसार आयोगको सिफारिसमा कर्णाली प्रदेश सरकारबाट स्वीकृत भएका प्रदेश गौरवका आयोजना, पाँच करोड भन्दा कम लागतका झोलुङ्गे पुल, सडकपुल र प्राकृतिक विपदका कारण तत्काल पुनर्निर्माण गर्नुपर्ने आयोजनाको हकमा यो सीमा लागु हुने छैन।"

(२) उपदफा (३) मा "पौष" भन्ने शब्दको सट्टा "माघ" भन्ने शब्द राखिएको छ"

६. <u>मूल निर्देशिकाको दफा ७ मा संशोधन:</u> मूल निर्देशिकाको दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ।

"(१) बहुवर्षीय आयोजना स्वीकृत भएपछि मात्र सम्बन्धित मन्त्रालय वा निकायले बहुवर्षीय ठेक्का कार्यान्वयन गर्नेछ।"

७. <u>मूल निर्देशिकाको दफा ८ मा संशोधन:</u> मूल निर्देशिकाको दफा ८ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ।

"(३) मन्त्रालयबाट कुनै आर्थिक वर्षमा वहुवर्षीय आयोजनाको रूपमा रहेको आयोजनाको लागि निरन्तर बजेट विनियोजन नगरेको खण्डमा पुन: वहुवर्षीय आयोजनाको रूपमा उक्त आयोजनामा बजेट विनियोजन गरिने छैन।"

८. <u>मूल निर्देशिकाको दफा ९ मा संशोधन:</u> मूल निर्देशिकाको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ।

"९. <u>स्पष्टता तथा अनुसूची हेरफेर:</u> (१) यस निर्देशिकामा उल्लेखित विषयमा कुनै द्विविधा भएमा आयोगको परामर्शमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक स्पष्ट गर्न सक्नेछ।

(२) यस निर्देशिकामा उल्लेखित अनुसूचीमा हेरफेर गर्नुपर्ने भएमा आयोगको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयले हेरफेर तथा थपघट गर्न सक्नेछ।"

सचिव

का.मु. प्रमुख सचिव

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत